"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६६/०८२।०८३
बैठक मिति:२०८२।०७।२७ बिहान ८:०० बजे
स्थान: खाँदबारी नगरपालिकाको सभा हल

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।**

प्रस्तावहरु:

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. हिमालय माध्यमिक विद्यालयको भवन निर्माणका लागि चिनिया राजदुतावासमा रकम माग गर्ने सम्बन्धमा।
३. नगर सभागृह निर्माणका लागि भारतीय राजदूतावासमा रकम माग गर्ने सम्बन्धमा।
४. नगर विकास कोषबाट रकम प्राप्त गर्न खाँदबारी नगरपालिकाको नाममा जग्गा प्राप्ति गर्ने सम्बन्धमा।
५. आ.व. २०८३।०८४ का लागि सङ्घीय सरकार मार्फत हुने समपुरक योजना माग गर्ने सम्बन्धमा।
६. आ.व. २०८३।०८४ का लागि सङ्घीय सरकार मार्फत हुने विशेष अनुदान माग गर्ने सम्बन्धमा।
७. आ.व. २०८३।०८४ का लागि कोशी प्रदेश सरकार मार्फत हुने समपुरक योजना माग गर्ने सम्बन्धमा।।
८. जग्गा वर्गीकरण छुट तथा संसोधन सम्बन्धमा।
९. खानेपानी मन्त्रालयमा खानेपानी पाईप बिछ्याउनका लागि रकम माग गर्ने सम्बन्धमा।
१०. कृषि एम्बुलेन्सका लागि भारतीय दुतावासमा सिफारिस गर्ने सम्बन्धमा।
११. पशु सेवा शाखाबाट लम्फी स्किनको औषधी खरिदका लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।
१२. एकादशी मेलाको खर्च अनुमोदन सम्बन्धमा।
१३. घ वर्गको निर्माण व्यावसायी ईजाजतपत्र जारी गर्ने सम्बन्धमा।
१४. स्थानीय विदा अनुमोदन गर्ने सम्बन्धमा।
१५. खाँदबारी नगरपालिकाका जनताहरुले विभिन्न व्यक्तिहरुलाई कपाली तमासुक मार्फत राखिएको रकम सम्बन्धमा।
१६. कोशी प्रदेश सरकारबाट प्राप्त भएको वारुण यन्त्र खाँदबारी न.पा. वडा नं. ९ मार्फत सञ्चालन गर्ने सम्बन्धमा।
१७. गोर्खा वेल्फेयर ट्रष्ट कास्की पोखराका लागि सिफारिस गर्ने सम्बन्धमा।
१८. कृषि एम्बुलेन्सका लागि कृषि मन्त्रालयमा सिफारिस गर्ने सम्बन्धमा।
१९. खाँदबारी नगरपालिका वडा नं. २ चेवामा आधारभूत स्वास्थ्य चौकी निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा।
२०. आवश्यक कार्यविधि निर्माण सम्बन्धमा।
२१. सात कुवा छेउको १७ रोपनी जग्गामा उद्यान निर्माणका लागि जग्गा उपयोग गर्न जिल्ला वन कार्यालयलाई अनुरोध सम्बन्धमा।
२२. ल्होरुङ्ग क्लब पाङ्मालाई फुटबल प्रतियोगिता सञ्चालानका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा।
२३. खाँदबारी न.पा. -५ मा अधेरी बजार सञ्चालनार्थ आर्थिक सहयोग सम्बन्धमा।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः६६/०८२।०८३

बैठक मितिः२०८२।०७।२७ बिहान ८:०० बजे

स्थानः खाँदबारी नगरपालिकाको सभा हल

२४. जिल्ला प्रशासन कार्यालयमा स्तनपान कक्ष, पानी ट्याङ्की व्यवस्थापन र Fire Extinguisher refill स्थापनाका लागि आर्थिक सहयोग सम्बन्धमा।

२५. खाँदबारी नगरपालिका वडा नं. ३ मा स्वीमिङ्ग पुलको डि.पि.आर. गर्ने सम्बन्धमा।

२६. विद्योदय संस्कृत मा.वि. पाङ्ठाको विद्यालय भवन निर्माणका लागि बजेट माग गर्ने सम्बन्धमा।

२७. विद्योदय सँस्कृत मा.वि. वडा नं. ६ मा स्वास्थ्यकर्मी खटाउने सम्बन्धमा।

२८. आर्थिक सहायता अनुमोदन गर्ने सम्बन्धमा।

२९. भ्रमण स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णयहरू**

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै बाँकि निर्णयहरु कार्यान्वयन गर्दै लैजाने।

२. हिमालय माध्यमिक विद्यालय, खाँदबारीको भवन निर्माणका लागि रु. १३,७६,५९,१३७.५८।–(अक्षेरेपी तेह्र करोड छयहत्तर लाख उन्साठी हजार एक सय सैतीस रुपैया अन्ठाउन्न पैसा मात्र।) को लागत अनुमान सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत चिनिया राजदुतावासमा रकम माग गर्ने।

३. नगर सभागृहको डि.पि.आर. र माटो परीक्षण भईसकेको हुनाले नगर सभागृह निर्माण गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासलाई रकम माग गर्ने।

४. नगर विकास कोष मार्फत नेपाल सरकारको स्वामित्वमा रहि यस नगरपालिकाले विगत देखि भोगचलन गर्दै आएको खा.न.पा.-१ बजार क्षेत्र भित्र रहेको हाटबजार लाग्ने जग्गामा बहुउद्देश्यीय भवन र हाटबजारमा टहरा निर्माणका लागि नगर विकास कोषबाट रकम प्राप्त गर्न खाँदबारी नगरपालिकाको नाममा जग्गामा आवश्यक परेको हुनाले जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

५. आ.व. २०८३।०८४ का लागि सङ्घीय सरकार मार्फत हुने समपूरक अनुदानका लागि तपसिलका योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने।

- खाँदबारी बडरेनी सभाखोला सडक
- खाँदबारी राम्चे लेब्राङ सडक
- जिल्ला समन्वय समितिको गेट हुँदै भेडेटार चौक सडक
- अरुणथान ढाँडे भिर सित्तलपाटी वडा नं. ११ सडक
- कत्लेभञ्ज्याङ्ग त्रिवेणी धाम सडक
- लभिङ्ग हिल माल्टा खिप्रिङ्ग थालडाँडा सडक

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पद्मप्रसाद दजमाई
प्रमुख प्रशासकीय अधिकृत

६. आ.व. २०८३।०८४ का लागि सङ्घीय सरकार मार्फत हुने विशेष अनुदानका लागि तपसिलका योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने।

- हरेलो डाँडा-आङ्ला-सिम्ले-खर्तुवा-मालिङ्गटार-हेलुवावेशी सडक
- खाँदबारी नगरपालिका संग्रहालय निर्माण
- मानेभञ्ज्याङ -माल्टा- लेलुवा सडक
- पाङ्ठा थालेडाँडा बर्खेडाँडा सडक
- तुम्लिङ्गटार अरुण प्रवेश मार्गबाट लम्सुवा घाटसम्म सडक (कुमाल र माझि) बस्ति हुँदै

७. आ.व. २०८३।०८४ का लागि कोशी प्रदेश सरकार मार्फत हुने समपूरक योजनाका लागि तपसिलका योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने।

- नगर सभागृह निर्माण
- चेवा पानी ट्याङ्कि देखि चन्दनपुर बतासे हुँदै चापाबोटे सडक
- खाँदबारी न.पा.-८ मुखिया धारा देखि पिप्ले चौक – सिमाली धारा – अर्चले – रयले बेतिनि सडक
- मंगलादेवी देखि चेवा चारबर सडक
- लेलुवा माल्टा खानेपानी

८. भू-उपयोग ऐन तथा नियमावली अनुसार वर्गीकरण छुटका लागि पेस भएका तपसिलका कित्ता नम्बर र क्षेत्रफलका जग्गाहरूलाई वर्गीकरणमा समावेश गर्ने र संसोधनका लागि पेस भएका कित्ता नं. र क्षेत्रफलका जग्गाहरूको संसोधन अनुमोदन गर्ने।

९. खानेपानी मन्त्रालयबाट कुहिमा मुहानबाट हिमालय मा.वि.मा खाँदबारी खानेपानी सञ्चालन गर्न ७ कि.मि. खानेपानी पाईप भण्डारणमा रहेको, खाँदबारी बजारमा खानेपानी वितरणका लागि हिमालय मा.वि. मा पानी ट्याङ्की निर्माण भईसकेको पाईप बिछ्याई विभिन्न स्थानमा इन्टेक निर्माणका लागि बजेट अभाव भएको हुनाले उक्त खानेपानी सञ्चालनका लागि खानेपानी मन्त्रालयमा रु. २५,००,०००।–(अक्षरेपी पच्चीस लाख मात्र।) बजेट माग गर्ने।

१०. खाँदबारी नगरपालिका क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुलाई बजार सम्म पुर्याई कृषकलाई बजारको पहुँच स्थापना गर्न कृषि एम्बुलेन्स खरिदका लागि बजेट व्यवस्थापन गर्न भारतीय राजदुतावासमा सिफारिस गर्ने।

११. खाँदबारी नगरपालिका क्षेत्रमा लम्फि स्कीन रोगको सङ्क्रमण दिनानुदिन बढ्दै गरेको र नगरपालिकामा उक्त रोगलाई सङ्क्रमण बढ्न नदिनका लागि आवश्यक औषधि खरिद गर्नका लागि रु. १५००००।– (अक्षरेपी एक लाख पचास हजार मात्र।) आवश्यक बजेट व्यवस्थापन गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६६/०८२।०८३
बैठक मिति:२०८२।०७।२७ बिहान ८:०० बजे
स्थान: खाँदबारी नगरपालिकाको सभा हल

१२. खाँदबारी नगरपालिका वडा नं. ९ मा रहेको पवित्र धार्मिक स्थल मनकामना मन्दिरमा विगतका वर्षहरुमा झै यस वर्ष पनि एकादशी मेला लगाईएको र उक्त मेला व्यवस्थापनका लागि खर्च भएको रु. १,५०,०००।–(अक्षरेपी एक लाख पचास हजार मात्र ।) अनुमोदन गर्ने ।

१३. खाँदबारी नगरपालिका वडा नं. ७ स्थित आदित्य डिजाईन्स एण्ड कन्स्ट्रक्सन प्रा.ली. (Aditya Design and Construction Pvt. Ltd ) ले करदाता सेवा कार्यालय खाँदबारीमा दर्ता भई पान नं. ६२२४३४४५० प्राप्त गरी "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्न मिति २०८२।०७।२१ गते यस कार्यालयमा दिएको निवेदन पेस गरेकोमा यस नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २(३) बमोजिम आदित्य डिजाईन्स एण्ड कन्स्ट्रक्सन प्रा.ली. (Aditya Design and Construction Pvt. Ltd ) लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदन गर्ने ।

१४. यस नगरपालिकाले तपसिलका मितिमा दिइएका स्थानीय विदाहरु अनुमोदन गर्ने ।

| क्र.सं. | स्थानीय विदाको विवरण | मिति | कैफियत |
|---|---|---|---|
| १ | हिले जात्रा विदा | २०८२।०४।२६ | |
| २ | एकादशी मेला विदा | २०८२।०७।१४ | |

१५. खाँदबारी नगरपालिकाका जनताहरुले विभिन्न व्यक्तिहरुलाई कपाली तमासुक मार्फत राखिएको रकमका सम्बन्धमा कार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । त्यस्ता प्रकृतिका लेनदेनका विषयमा के कसो भएको छ वडाबाट तथ्याङ्क सङ्कलन गर्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।

१६. कोशी प्रदेश सरकार मार्फत द्रुत सेवा अन्तरगत कोशी प्रदेश सरकारले खाँदबारी नगरपालिकाका लागि हस्तान्तरण गरेको वारुणयन्त्र (२५००-३००० ली. क्षमता) प्र १-०४-००१ग-००१४ नं. को खाँदबारी नगरपालिका वडा नं. ९ कार्यालय मार्फत सञ्चालन गर्ने ।

१७. गोर्खा वेल्फेयर ट्रष्ट कास्की पोखराको च.नं. ४१९ मिति २०८२ जेष्ठ ०७ गतेको पत्रानुसार यस खाँदबारी नगरपालिकाको वडा नं. ४ सेकाहा (ढाँड गाउँ सूर्यमुखी टोल गाउँ) (**Project Cell Community Aid GWT Water**) खानेपानी योजना न.पा. को प्राथमिकतामा रहेको साथै आ.व. २०८२।०८३ मा नीतिगत निर्णय भई आर्थिक अभावका कारण गोर्खा वेल्फेयर ट्रष्ट कास्की पोखरालाई उक्त आयोजना सम्पन्न गर्न अनुरोध गर्ने ।

१८. खाँदबारी नगरपालिका क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुलाई बजार सम्म पुर्याई कृषकलाई बजारको पहुँच स्थापना गर्न कृषि एम्बुलेन्स खरिदका लागि बजेट व्यवस्थापन गर्न कृषि मन्त्रालयमा सिफारिस गर्ने ।

१९. खाँदबारी नगरपालिका वडा नं. २ चेवामा आ.व. २०८२।०८३ मा आधारभूत स्वास्थ्य चौकी भवन निर्माणका लागि सङ्घीय सरकारबाट रु. १ करोड रकम प्राप्त भएको हुनाले उक्त भवन निर्माणका लागि निःशुल्क जग्गा प्राप्तिको सूचना प्रकाशन भई तपसिलको जग्गा निःशुल्क प्राप्तिका लागि आवेदन पेस भएको हुनाले जग्गा प्राप्ति प्रक्रिया अगाडी बढाउने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद अजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६६/०८२।०८३
बैठक मिति:२०८२।०७।२७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

तपसिलः

| क्र.सं. | जग्गाधनीको नाम/थर | कि.नं. | क्षेत्रफल व.मि. | कैफियत |
|---|---|---|---|---|
| १ | शुर्य बहादुर कार्की | १६९३ | दुबै कित्ताबाट कि.का. गरी ३ रोपनी | |
| २ | रुद्र बहादुर रेग्मी | ७०४ | | |

२०. खाँदबारी नगरपालिकाको दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न कार्यविधिहरू निर्माण गर्ने।

२१. खाँदबारी नगरपालिकामा रहेको दर्शने सामुदायिक वन उपभोक्ता समितिले उपयोग गरेको दर्शने धारा आसपासमा रहेको करिब १७ रोपनी जग्गामा उद्यान निर्माणका लागि जिल्ला वन कार्यालयलाई अनुरोध गर्ने।

२२. ल्होरुङ्ग क्लब पाङ्माले पाङ्मा क्लब पुरुष फुटबल प्रतियोगिता-२०८२ सञ्चालनका लागि आर्थिक सहयोग माग भएकोमा उक्त क्लबलाई खेलकुद सञ्चालनका लागि रु. १,५०,०००।–(अक्षरेपी एक लाख पचास हजार मात्र।) आर्थिक सहयोग गर्ने।

२३. खाँदबारी नगरपालिका वडा नं. ५ मा सञ्चालन हुन लागेको अँधेरी बजारका लागि आर्थिक सहयोग माग भएकोमा उक्त बजार व्यवस्थापनका लागि रु. १,००,०००।–(अक्षरेपी एक लाख मात्र।) आर्थिक सहयोग गर्ने।

२४. जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभाको च.नं. ८८४ मिति २०८२।०७।१७ को प्राप्त पत्रानुसार जिल्ला प्रशासन कार्यालय सङ्खुवासभामा स्तनपान कक्ष, पानी ट्याङ्कि राख्ने स्थान र Fire Extinguisher refill स्थापनाका लागि लागत अनुमान तयार गरी बजेट व्यवस्थापन गर्ने।

२५. खाँदबारी नगरपालिका वडा नं. ३ मरुवा बसपार्कको जग्गा नगरपालिकाको नाममा रहेको र उक्त बसपार्कमा स्वीमिङ्ग पुल निर्माणका लागि डि.पि.आर. को प्रक्रिया अगाडी बढाउने।

२६. खाँदबारी न.पा. वडा नं. ६ मा रहेको विद्योदय संस्कृत मा.वि. को भवन निर्माणका लागि गोर्खा वेल्फेयर ट्रष्ट खाँदबारीमा आवश्यक बजेट माग गर्ने।

२७. खाँदबारी नगरपालिकामा वडा नं. ६ मा रहेको विद्योदय मा.वि. पाङ्ठामा समय समयमा विद्यार्थीहरु अस्वाभाविक रुपले बिरामी परिरहने कारण विद्यालयको पठनपाठनमा समेत असर परेको हुनाले उक्त समस्या समाधान नहुन्जेल सम्मका लागि मनकामना स्वस्थ्य चौकी, खाँदबारी-६ बाट विद्यालय समयमा कम्तिमा ४ घण्टा एकजना स्वास्थ्यकर्मी खटाउने।

२८. खाँदबारी नगरपालिकामा आर्थिक सहायता सम्बन्धमा पेस भएका निवेदन उपर नगर प्रमुखको तोक आदेश भएका निवेदकलाई दिईएको आर्थिक सहायता रकम अनुमोदन गर्ने र अन्यको हकमा आगामी कार्यपालिका बैठकमा पेस गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६६/०८२।०८३
बैठक मिति:२०८२।०७।२७ बिहान ८:०० बजे
स्थान: खाँदबारी नगरपालिकाको सभा हल

---

२९. कार्यालयको कामकाजको सिलसिलामा भारतीय राजदुतावास, सङ्घीय मन्त्रालयहरु र प्रदेश मन्त्रालयहरुमा योजना, बजेट माग लगायतका कार्यका लागि नगर प्रमुख महेश थपलियाको मिति २०८२।०८।०२ देखि २०८२।०८।१३ गते सम्म भ्रमण स्वीकृत गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत